राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस नोट

२४ पुस, २०७९

## बलात्कार तथा यौनजन्य हिंसाका घटनाहरुको अनुसन्धानलाई प्रभावकारी बनाउन आयोगको पत्राचार ।

बलात्कारपश्चात् हत्या गरिएकी कन्चनपुरकी १३ वर्षीया बालिका निर्मला पन्तको घटनालाई पुनः अनुसन्धान प्रक्रिया अगाडि बढाउनको लागि गृह मन्त्रालयबाट हालै भएको पहललाई आयोगले सकारात्मक रुपमा लिएको छ । बलात्कार तथा यौनजन्य हिंसाका घटनाहरुमा वृद्धि हुँदै गइरहेको सन्दर्भमा पीडितहरुको न्यायमा पहुँच सुनिश्चित गर्न आयोगले तपसिल बमोजिमका बुँदाहरु उल्लेख गर्दै नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरेको छ ।

### तपसिल

१. निर्मला पन्तको घटना सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगबाट खटिएको विज्ञसहितको टोलीबाट प्राप्त सुझाव बमोजिम आयोगले मिति २०७५/१०/१३ मा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई गरेको सिफारिस एवम् निर्देशनलाई समेत ध्यानमा राखी सो घटनालाई निष्कर्षमा पुर्‍याउन,

२. विगत केही वर्षदेखि नेपालमा बलात्कार तथा यौनजन्य हिंसाका घटनाहरुमा वृद्धि हुँदै गइरहेको, गतवर्ष मात्र २ हजार ३ सय ८० जना महिला तथा किशोरीहरु जबरजस्ती करणीको घटनाबाट पीडित भएको, यी घटनाका अधिकांश दोषीहरु पहिचान हुन नसकेको एवम् तत्काल कारबाहीको प्रक्रियामा लैजान नसकिएको देखिँदा बलात्कार तथा यौनजन्य हिंसालाई सम्बोधन गर्न द्रूत अनुसन्धान तथा अभियोजन प्रक्रिया अगाडि बढाउन तथा सातै प्रदेशका प्रादेशिक अस्पतालहरुमा दक्ष जनशक्तिसहित श्रोत, साधन सम्पन्न विधि विज्ञान प्रयोगशाला (Forensic Lab) शीघ्र स्थापना गर्न,

३. महिला तथा यौनिक अल्पसंख्यकमाथि हुने गरेका हिंसाका घटनाहरुको उजुरी उपर तत्कालै सम्बोधन गर्न, गराउन ।

.........................
डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone:+977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal
Email:nhrc@nhrcnepal.org, Website:www.nhrcnepal.org